नेपाल राष्ट्र बैंक

राष्ट्रऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौं

## २०७५ वैशाख ६ गते रु.५ अर्बको नेपाल सरकारको ट्रेजरी बिल सोझै खरिद बोलकबोलको सूचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवम् शर्तहरु कायम गरी सोझै खरिद बोलकबोल मार्फत नेपाल सरकारको ट्रेजरी बिल खरिद गर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. (क) उपकरणको नाम : सोझै खरिद बोलकबोल (नेपाल सरकारको ट्रेजरी विल )।
(ख) आह्वान रकम : रु.५ अर्ब (पाँच अर्ब रुपैयाँ मात्र)।
(ग) बोलकबोल मिति र समय : २०७५ वैशाख ६ गते ३:०० बजेसम्म।
(घ) निष्कासन मिति : २०७५ वैशाख ६ गते।
(ङ) बोलकबोल : online Bidding System मार्फत मात्र गर्नुपर्ने।

२. काउण्टरपार्टीले बिक्री गर्न चाहेको नेपाल सरकारको ट्रेजरी विलको सिरिज नं. र परिमाण उल्लेख गर्नु पर्नेछ।

३. काउण्टरपार्टीले बिक्री गर्न चाहेको ट्रेजरी बिलको परिमाणको बोल मूल्यमा गर्नु पर्नेछ। (उदाहरण : रु. १०० को ट्रेजरी विल कति मूल्यमा विक्री गर्ने हो सो रकम बोल गर्नुपर्ने)

४. काउण्टरपार्टीले बिक्री गर्न चाहेको नेपाल सरकारको ट्रेजरी विल बहु मूल्यमा यस बैंकले खरिद गर्न सक्नेछ।

५. यस सम्बन्धी निर्णय वा बाँडफाँट तरलताको स्थिति तथा अल्पकालीन ब्याजदर लगायतका परिसूचकहरुको आधारमा खुला बजार कारोबार सञ्चालन समितिले गर्नेछ।

विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४१०१७३९ वा ०१-४१०१७०९ मा सम्पर्क गर्न सकिनेछ।

मिति २०७५ वैशाख ५ गते